नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल : daoramechhap@gmail.com

पत्र संख्याः- ०७८/०७९
चलानी नं.:-

## रामेछाप जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा तिव्रतर बढिरहेको छ । यस जिल्लामा समेत संक्रमण नियन्त्रणमा आई नसकेकोले यसबाट जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणमा थप सतर्कता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला सुरक्षा समितिको मिति २०७८/०४/१६ गतेको निर्णय एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ र *कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८"* बमोजिम प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार प्रयोग गरी मिति २०७८/०४/१७ गते राती १२:०० बजेदेखि मिति २०७८/०४/३२ गते राती १२:०० बजेसम्म रामेछाप जिल्ला भर लागू हुनेगरी यो निषेधाज्ञा आदेश जारी गरिएको छ । यो आदेश उल्लंघन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा सबै क्षेत्रबाट सदा झैं सहयोगको अपेक्षा गर्दछु ।

<u>तपसिल</u>

### १. <u>निषेध गरिने सेवा तथा कार्यहरु:</u>

क) खुल्ला स्थानमा मानिसहरु भेला, जम्मा हुन, भिडभाड गर्न, सभाजुलुस गर्न, जात्रा, महोत्सव, भोज भतेर गर्न ।

ख) जिल्ला भित्रका सबै शैक्षिक संस्था, पठनपाठन ।

ग) अति आवश्यक बाहेकका प्रशिक्षण, तालिम र गोष्ठीहरु ।

घ) मेला, हाटबजार, जात्रा, पर्व, खेलकुद, स्वीमिङ्ग पुल, सपिङमल, मनोरञ्जन स्थल, फूडसल, हेल्थक्लब, जिमखाना, पुस्तकालय, लगायतका कार्यहरु संचालन ।

ङ) पार्टी प्यालेस, मसाज सेन्टर लगायतका व्यवसायहरु ।

च) विवाह, ब्रतबन्धजस्ता संस्कारका हकमा बढिमा १५ जनासम्म व्यक्ति र बढिमा २ वटा सानो सवारी साधन प्रयोग गरी व्यानरका आधारमा जिल्ला भित्र वा अन्तर जिल्लामा आवत जावत गर्ने भन्दा वाहेकका अन्य कार्य ।

छ) नित्य पूजा बाहेक अन्य सबै किसिमका देवाली, चण्डी, सामुहिक पूजाआजा लगायत सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु ।

### २. <u>संचालन हुने कार्य र सवारी साधनहरु:</u>

क) गृह मन्त्रालयको च.नं. ३७ मिति २०७८/०४/०५ गतेको पत्रानुसार त्रिभुवन विश्वविद्यालय, लोक सेवा आयोग लगायतका निकायबाट परीक्षाको कार्यक्रम सार्वजनिक भएकोले देशका विभिन्न भागबाट परीक्षार्थीहरुको आवागमन समेतलाई दृष्टिगत गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी मध्यम तथा लामो दुरीका सार्वजनिक यातायात सञ्चालन गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०४/०४ गतेको निर्णय बमोजिम जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी मध्यम तथा लामो दुरीका सार्वजनिक यातायात सञ्चालन गर्न आवश्यक सहजिकरण हुन भनी लेखी आएकोले सोही बमोजिम गर्ने ।

ख) खाद्यसामग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, माछा, मासु, पानी, ग्यास, पेट्रोलपम्प, निर्माण सामग्री विक्री वितरण, पुस्तक पसल र प्रिन्टिङ्ग प्रेस लगायत पसलहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्णपालना गरी विहान ५:०० साँझ ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ग) औषधी एवम् स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।

गोलोचन सैजु
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल : daoramechhap@gmail.com

पत्र संख्याः- ०७८/०७९
चलानी नं.:-

घ) राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिक्ता प्राप्त आयोजना र जिल्लामा संचालित महत्वपूर्ण आयोजनाहरुको सामग्री ढुवानीको लागि प्रयोग गरिने सवारी साधनहरु । त्यस्ता आयोजनाहरुमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्ने गरी गरिने निर्माण सम्बन्धी कार्यहरु ।

ङ) निजी तथा सार्वजनिक सवारी साधनहरु स्वास्थ्य सुरक्षाका मापदण्डको अनिवार्य र पूर्ण रुपमा पालना गरी सिट क्षमता भन्दा बढी नहुने गरी सञ्चालन गर्ने ।

च) बैङ्क, सहकारी तथा वित्तीय संस्थाहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको अनिवार्य रुपमा पालना गर्ने गरी नियमित रुपमा सञ्चालन गर्ने ।

छ) होटल, रेष्टुरेन्ट, चिया तथा खाजा पसलहरु कोभिड-१९ सम्बन्धी मापदण्ड पुरा गरी विहान ५:०० साँझ ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ज) अति आवश्यक परी प्रशिक्षण, तालिम, गोष्ठी सञ्चालन गर्नु परेमा स्वास्थ्य सुरक्षा मापदण्ड पुरा गरी २५ जना भन्दा बढी नहुने गरी व्यक्ति बिचको दुरी कम्तीमा २ मिटर हुने गरी सञ्चालन गर्ने ।

झ) सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुले स्वास्थ्य मापदण्डको पालना हुने व्यवस्था (मास्क लगाउने, हात धुने, स्यानिटाइजर प्रयोग गर्ने तथा कम्तीमा २ मिटर दुरी कायम गर्ने लगायत) मिलाई सेवा प्रवाह गर्ने ।

ञ) एम्बुलेन्स, दमकल, शववाहन, खाद्यान्न सामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्यास तथा पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, सूचना विभागबाट जारी परिचय पत्रका आधारमा सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधनहरु ।

ट) कोभिड-१९ सम्बन्धी मापदन्द पुरा गरी दुध तथा डेरीजन्य उत्पादन तथा विक्रि वितरण गर्ने । पसल तथा व्यवसायहरु नियमित रुपमा र सवारी मर्मत वर्कसप साँझ ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ठ) सबै प्रकारका पेशा तथा व्यवसायमा संलग्न हुँदा समेत कोभिड-१९ सम्बन्धी सम्पूर्ण स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्ने तथा जिल्लाका सबै संघ संस्था, राजनीतिक दल, सञ्चार माध्यम तथा पेशाकर्मीले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न सहजिकरण गर्ने ।

ड) आफ्नो घर परिवार र समुदायमा कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएमा शंकास्पद बिरामी भेटिएमा जिल्ला अस्पताल, स्थानीय स्वास्थ्य संस्था र नजिकको प्रहरी यूनिटमा खबर गर्ने ।

ढ) PCR परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर भेटघाट नगर्ने ।

ण) सबै स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्र विवाह र मृत्यू संस्कार गर्ने ।

उल्लेखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ । संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ ।

०७८/४/१७
...............
गौलोचन सैंजू
प्रमुख जिल्ला अधिकारी

मितिः- २०७८/०४/१७

गौलोचन सैंजु
प्रमुख जिल्ला अधिकारी